# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको बैठक

बैठक संख्याः १९०७७/

अध्यक्षताः नगर प्रमुख श्री हरिकुमार राना

मितिः२०७७/१०२६/

उपस्थितिः

| | | |
|---|---|---|
| प्रमुख | श्री हरिकुमार राना | उपस्थित |
| उप प्रमुख | श्री कमला खतिवडा आचार्य | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री गजाधर खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री रघुनाथ खनाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री जीवकुमार भण्डारी | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री दुर्गाप्रसाद दाहाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री ध्यानबहादुर भारती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री लोकनाथ गौतम | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री नवराम ढुङ्गाना | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री गोपिचन्द्र गौतम | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री पुष्पकुमार प्रसाई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री बलदेवसिंह गोम्देन | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री भैरबबहादुर खड्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री खिनमान दास | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री दिलमाया दास | उपस्थित |
| कार्यपालिका सदस्य | श्री दिलिप गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री रमेशकुमार दर्जी | उपस्थित |
| कार्यपालिका सदस्य | श्री शकुन्तला बराल | उपस्थित |
| कार्यपालिका सदस्य | श्री शारदाकुमारी भट्टराई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री हरिमाया भण्डारी | उपस्थित |
| कार्यपालिका सदस्य | श्री लक्ष्मी तामाङ्ग | उपस्थित |
| प्रमुख प्रशासकीय अधिकृत | श्री महेन्द्रकुमार खाम्याहाङ्ग | उपस्थित |
| अधिकृत छैठौं | श्री चुडामणी निरौला | उपस्थित |
| सहायक चौथो | श्री सौजन कटुवाल | उपस्थित |

मिति २०७७ साल माघ २६ गते बसेको नगर कार्यपालिकाको बैठकबाट देहायका निर्णयहरु गरियो ।

१. मिति २०७७/१०/१८ गते बसेको नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको समिक्षा गरियो । निर्णय कार्यान्वयनमा सबैले आ-आफ्नो जिम्मेवारी अनुसार सक्रियता देखाउने र वडा समितिको हरेक बैठकमा नगर कार्यपालिकाका अद्यावधिक निर्णयहरु पढी वाची जानकारी लिनेदिने र कार्यान्वयन गर्ने निर्णय गरियो । (वडा कार्यालयहरु)

२. नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, तराई- मधेश समृद्धि कार्य्रक्रमको मिति २०७७/०९/२८ मा प्रकाशित आयोजना/ कार्य्रक्रम माग/ प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना बमोजिम यस नगरपालिकाबाट आगामी आ.व. २०७८/०७९ को लागि अर्जुनधारा नगरपालिका वडा नं ५ र ७ मा पर्ने बिरिङ पूर्वको वाइपास कृषि सडक निर्माण आयोजना प्रस्ताव गरी पठाउने निर्णय गरियो । (योजना शाखा)

३. यस नगरपालिकाका लागि चालु आर्थिक वर्ष २०७७/०७८ का लागि शिक्षा तर्फ प्राप्त सशर्त अनुदानबाट भौतिक पूर्वाधार अन्तर्तग विद्यालय भवन, Wash सुविधा सहितको शौचालय , कक्षा कोठा निर्माण र विभिन्न किसिमका कार्यक्रमगत अनुदान रकम विद्यालयहरुलाई उपलब्ध गराउन अघिल्लो बैठकबाट शिक्षा शाखा प्रमुख मार्फत तयार गरी पेश गर्न निर्णय भए अनुसार शिक्षा शाखाबाट प्राप्त राय, प्रचलित कार्यक्रम कार्यान्वयन निर्देशिका, यस नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुको स्थिति एवं आवश्यकता समेतका आधारमा प्रस्ताव तयारी गरी उपयुक्त आयोजनाहरु छनौटका लागि (शंकराचार्य विद्यापीठ अर्जुनधारा-१ को भौतिक पूर्वाधारका लागि समेत राय दिने गरी) आगामी कार्यपालिका बैठकमा पेश गर्न निम्न बमोजिम कार्यदल गठन गरी जिम्मेवारी तोक्ने निर्णय गरियो ।

| | |
|---|---|
| सामाजिक विकास समिति, संयोजक श्री दिलिप गुरुङ | संयोजक |
| वडा अध्यक्ष, वडा नं २, श्री रघुनाथ खनाल | सदस्य |
| वडा अध्यक्ष, वडा नं ६, श्री लोकनाथ गौतम | सदस्य |
| वडा अध्यक्ष, वडा नं ७, श्री नवराम ढुङ्गाना | सदस्य |
| प्रतिनिधि, शिक्षा शाखा, अर्जुनधारा नगर कार्यपालिकाको कार्यालय | सचिव |

४. नेपाल सरकार भूमि सम्बन्धि समस्या समाधान आयोगको च.नं.२७९, मिति २०७७/१०/०७ को पत्रबाट समझदरीपत्रमा हस्ताक्षरका लागि लेखी आए अनुसार उक्त पत्रसाथ संलग्न ढाँचाको समझदारीपत्रमा हस्ताक्षर गरी आयोगमा पठाउनका लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

५. अर्जुनधारा नगरपालिका, ५ नं वडा कार्यालय समेतलाई विपक्षी बनाई अर्जुनधारा नगरपालिकमा वडा नं ५ बस्ने हेमराज सापकोटाले सम्मानित झापा जिल्ला अदालत, भद्रपुरमा दायर गर्नु भएको राजिनामा लिखत बदर, दर्ता बदर दर्ता कायम चलन (मुद्दा नं ०७७-CP-०८६०) को मुद्दामा कार्यालयको तर्फबाट म्याद तामेल गर्न, जवाफ पेश गर्न तथा वहस पैरबीका लागि यस नगरपालिकाका कानूनी सल्लाहकार अधिवक्ता श्री चित्रबहादुर मगरलाई वारेस दिई पठाउने निर्णय गरियो ।

६. अर्जुनधारा नगरपालिका, ८ नं वडा कार्यालयको च.नं.१४५६ मिति २०७७/१०/०६ को सिफारिस सम्बन्धि पत्रानुसार अर्जुनधारा नगरपालिका वडा नं ७ बस्ने जहरमान लोवालाई अर्जुनधारा नगरपालिका वडा नं ८ स्थित शनिश्चरे बजार चौक दुर्गा मन्दिर दक्षिण, तुतबारी सडक पूर्व खाली जमिन यस कार्यालयका प्राविधिकहरुको परामर्श समेतमा निजकै लगानीमा चौतारा निर्माणका लागि सहमति प्रदान गर्ने निर्णय गरियो ।

७. अर्जनुधारा नगरपालिका, २ नं वडा कार्यालयको च.नं. ७३५ मिति २०७७/१०/०५ को पत्रबाट सिफारिस भई आए अनुसार निम्नानुसारका व्यक्तिहरुका लाई निःशुल्क विद्युत मिटर जडानका लागि नेपाल विद्युत प्राधिकरण समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

१. श्री निरबहादुर अडी कुमाल २. श्री जितबहादुर भुजेल ३. श्री मनमाया कुमाल ४. श्री मिना कुमाल

५. श्री मानबहादुर राई ६. श्री हिमादेवी मगर ७. श्री सितादेवी ढकाल

८. अर्जुनधारा नगरपालिका, ६ नं वडा कार्यालयको च.नं. १५९६, मिति २०७७/०९/२७ को सिफारिस पत्रानुसार अर्जुनधारा-६ मा सञ्चालित सृजना टोलको बाटोमा नाला निर्माण तथा कालोपत्रे आयोजनाको म्याद मिति २०७७ चैत्र मसान्त सम्म मात्र थप गर्ने निर्णय गरियो ।

९. गत आर्थिक वर्ष २०७६/०७७ तथा चालु आर्थिक वर्ष २०७७/०७८ मा विभिन्न प्रयोजनका लागि नगर प्रमुखज्यू, उपप्रमुखज्यू तथा तत्कालिन कार्यालय प्रमुखज्यूको लिखित तथा मौखिक आदेश अनुसार भएका अनुसुचि १ बमोजिमका खर्चहरुको तत्कालिन समयमा बिल विजक प्राप्त नभई एवं सम्बन्धित खर्च शीर्षकमा बजेट अभाव भई भुक्तानी हुन नसकेका खर्चहरुको प्रमाणित बिल भरपाई प्राप्त भएपश्चात यस नगरपालिकाको आठौं नगरसभाबाट संशोधित चालु आर्थिक वर्षको व्यवस्था भएको बजेटबाट र कार्यालयको नियमित बजेटबाट समेत बजेट व्यवस्था भएकाले भुक्तानी प्रयोजनका लागि अनुसुचिमा संलग्न विवरणलाई प्रमाणित गर्ने र सोही प्रमाणित विवरणलाई आधार मानी भुक्तानी व्यवस्था गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

१०. आगामी आ.व. २०७८/०७९ मा यस अर्जुनधारा नगरपालिकाबाट संघीय सरकारको कृषि तथा पशुपंक्षी विकास मन्त्रालयसँगको सहकार्य तथा लागत साझेदारीमा सञ्चालन गर्न आवश्यक अनुसुचि २ बमोजिमका कृषि तथा पशुपंक्षी विकास सम्बन्धित कार्यक्रम/क्रियाकलाप प्रस्ताव गरी सम्बन्धित मन्त्रालयमा पठाउने निर्णय गरियो ।

११. चालु आ.व. ०७७/०७८ मा यस नगरपालिकाको आन्तरिक आय राजश्व व्यवस्था गर्न नगरपालिका अन्तर्गतको बिरिङ (प्याकेज १ र २), टाङटिङ (प्याकेज १ र २) र ठूलो नेतेमा स्वीकृत IEE प्रतिवेदन अनुसार नदिजन्य पदार्थ उत्खनन तथा बिक्री व्यवस्था गर्न ठेक्का लगाई अस्थायी उत्खनन निस्सा समेत दिइएकोमा केही स्थानीयबाट उक्त कार्यका विरुद्धमा सम्मानित सर्वोच्च अदालतमा मुद्दा परी सो कार्य

यथास्थितिमा राख्न सम्मानित सर्वोच्च अदालतबाट २०७७/०६/०२ गते अल्पकालिन आदेश जारी भई यस कार्यालयमा २०७७/०६/०४ गते तामेल भएकाले उत्खनन कार्य रोक्का राख्न जिल्लास्थित प्रहरी प्रशासन सँग समेत समन्वय भईरहेको र उक्त मुद्दाको पेशी २०७७/०६/११ देखि निरन्तर सरिरहेको र अब २०७७/११/१७ मा मात्र पेशी हुने जानकारी प्राप्त भएको सन्दर्भमा नदीजन्य सामाग्री उत्खनन कार्य तीनै तहका सरकारको राजश्व व्यवस्थापन, विकास निर्माण व्यवस्थापनमा असर परिरहेकाले उक्त मुद्दाको सम्बन्धमा यथाशिघ्र चाँडो निर्देशन पाउन सम्मानित सर्वोच्च अदालतमा अनुरोध गर्न नगर प्रमुख श्री हरिकुमार राना मगरज्यू स्वयम् सम्मानित सर्वोच्च अदालत काठमाडौं जान निर्णय गरियो ।

१२. नि.नं. ११ सँग सम्बन्धित कामकाजका लागि नगर प्रमुख श्री हरिकुमार राना मगरज्यूको मिति २०७७/१०/२८ देखि अर्जुनधारा नगर कार्यपालिकामा फर्की नआएसम्म काठमाडौं गन्तव्य स्थलको नगर प्रमुखज्यूको भ्रमण काज स्वीकृत गर्ने निर्णय गरियो ।

१३. नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ३९३ मिति २०७७/१०/०९ को निर्णय कार्यान्वयन सम्बन्धि पत्र तथा सोसाथ संलग्न श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प.सं. ४ स्थानीय बुटवल/०७७/०७८ च.नं. १२९०२ मिति २०७७/०९/२३ को सुझाव सम्बन्धि पत्र बैठकमा जानकारी भयो । सो सम्बन्धमा पत्रबाट सुझाव भई आए अनुसारको व्यहोरा कार्यान्वयन गर्ने शिलशिलामा स्थानीय सरकार सञ्चालन (संशोधन सहित)ऐन, २०७४ को दफा ८३ मा कर्मचारी समायोजन भए पछि प्रमुख प्रशासकीय अधिकृतले नगर कार्यपालिका कार्यालय र वडा कार्यालय समेतको संगठन संरचना र दरबन्दी (स्थायी र करार) को संगठन सर्वेक्षणको माध्यमबाट यकिन गरी नगर सभामा पेश गर्ने र स्वीकृत हुने कानूनी व्यवस्था भएकोमा कार्यालयको विविध कार्यबोझका कारण उल्लेखित कार्य गर्न भर्खरै आठौं नगर सभाबाट कार्यक्रम स्वीकृत भई बजेट समेत विनियोजन भएकाले हाललाई अस्थायी/करारमा कार्यरत कर्मचारीहरुलाई साविक बमोजिम नै कामकाज लगाउने र अविलम्ब यस कार्यालय तथा अन्तर्गतका वडा कार्यालयको समेत संगठन र दरबन्दी विवरण सहितको विज्ञबाट परामर्श सेवा लिई संगठन सर्वेक्षण प्रतिवेदन मार्फत उक्त कार्य गरी गराई आवश्यक दरबन्दी स्वीकृत हुने गरी आगामी नवौं नगर सभामा पेश गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

१४. चालु आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत निम्न वडामा पुल कल्भर्ट निर्माण गर्न बजेट व्यवस्था भएकोमा चालु आ.व.मा स्वीकृत बजेट अपुग भई निर्माण कार्य अधुरो हुने देखिएकाले ती योजनाहरु पुरा गर्न उल्लेखित बजेटका अतिरिक्त आवश्यक बजेट आगामी आर्थिक वर्षमा भुक्तानी हुने गरी श्रोत सुनिश्चित गरी कार्यान्वयनमा लैजान कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

क. पगला खोलामा पुल निर्माण, अर्जुनधारा नगरपालिका वडा नं ३

ख. धनसिंह खोलामा पुल निर्माण, अर्जुनधारा नगरपालिका वडा नं ९

ग. धिमाल बस्तीमा कल्भर्ट निर्माण, अर्जुनधारा नगरपालिका वडा नं ९

घ. मिलन चौक धाइजन सडक खण्डको सिगारी पैनीमा कल्भर्ट निर्माण, अर्जुनधारा नगरपालिका वडा नं १०

ङ. मिलडाँडा दक्षिण पूर्वपश्चिम राजमार्ग जोड्ने सडकमा पुल निर्माण, अर्जुनधारा नगरपालिका वडा नं ११

**१५.** यस नगरपालिका अन्तर्गत निर्माण हुने शनिश्चरे अस्पतालको भवन निर्माणका लागि जग्गादाता श्री कृष्ण बराललेे स्थानीय मूल्य अनुसार करिब ४ करोड मूल्य बराबरको एक विगाहा जग्गा निःशुल्क उपलब्ध गराउनु भएकोमा सो जग्गाको रजिष्ट्रेशन पास गर्दा रु ८८,०००/- (अठासी हजार) पुँजिगत लाभकर जग्गादाताले नै तिर्नुपरेकोमा निजबाट सो कर रकमसम्म चाहिँ उपलब्ध गराउन अनुरोध भएकोमा निजको अनुरोध उपयुक्त देखिएको हुँदा यस कार्यालयको चालु आ.व. २०७७/०७८ को फिर्ता खर्च शीर्षकबाट उल्लेखित रु ८८ हजार उपलब्ध गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।साथै, आगामी दिनमा समेत कुनै जग्गादाताबाट जग्गा निःशुल्क उपलब्ध भई रजिष्ट्रेशन पास गर्दा जग्गादाताले पुँजिगत लाभकर तिर्नुपर्ने अवस्था भई जग्गादाताले माग गरेमा यसै बमोजिम फिर्ता खर्च शीर्षकबाट फिर्ता उपलब्ध गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**१६.** गत आर्थिक वर्ष २०७६/०७७ मा कार्यालयबाट खरिद गरी भण्डारणमा रहेको कृषि चुन सम्बन्धित वडा अध्यक्षको सिफारिस एवं कृषकको माग अनुसार वितरण गर्ने र अब उप्रान्त यसरी भण्डारणमा रहने गरी कृषि सामाग्री खरिद व्यवस्था नगर्न निर्देशन दिने निर्णय गरियो ।

**१७.** यस अर्जुनधारा नगरपालिकाबाट वडा नं ३ जोरसिमलमा स्थापना गरिएको क्वारेन्टिन स्थल सञ्चालनको क्रममा उक्त ठाउँको सुरक्षाका लागि सिसिटिभि जडान गरिएकोमा हाल उक्त क्वारेन्टिन प्रयोगमा नरहेको एवं सो सिसिटिभि तत्काल अन्यत्र नसारेमा हराउने सम्भावना भई क्षति हुने भएको र वडा नं ९ मा रहेको शनिश्चरे अस्पताल परिसरमा सुरक्षाका लागि सिसिटिभि जडान गर्नु आवश्यक रहेको हुनाले क्वारेन्टिनमा रहेको सिसिटिभिलाई शनिश्चरे अस्पतालमा सार्ने निर्णय गरियो ।

**१८.** १ नं प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयको मिति २०७७/१०/१८ को सीपमूलक तालिम सञ्चालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना बमोजिम यस नगरपालिकाबाट देहायका तालिमहरु सञ्चालनका लागि २० प्रतिशत लागत साझेदारीको प्रतिबद्धता सहित प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

क. मेसन प्लम्बिङ सम्बन्धि सीपमुलक तालिम कार्यक्रम

ख. फेसन डिजाइन सम्बन्धि सीपमूलक तालिम कार्यक्रम

ग. मोटरसाइकल मर्मत सम्बन्धि सीपमूलक तालिम कार्य्रक्रम